नि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९ | स.नि.हु.का.द.नं. ६/०६४/०६५

# राजविराज दैनिक

वर्ष २९ | अंक २२३ | २०७७ साल असार १३ गते शनिबार (27 June 2020 Saturday) | मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु**

- कुनै अभियोगमा कसूरदार ठहर भए पछी मात्र सजाय निर्धारण हुने,
- बालवालिकालाई सजाय निर्धारण गर्दा बालबालिकाको सर्वोत्तम हित समेतलाई विचार गर्नु पर्ने,
- जरिबाना लागेको व्यक्तिले किस्ताबन्दीमा जरिबाना तिर्न सकिने,
- पीडितलाई पुगेको भौतिक, शारीरिक, मानसिक, भावनात्मक क्षतिवापत क्षतिपूर्ति भराई दिनु पर्ने,
- कैदको विकल्पको रुपमा सामुदायिक सेवा, सुधार गृह, पुनर्स्थापना केन्द्र, खुला कारागार, प्यारोल, कैद वापत श्रम सामाजिकीकरण लगायतका उपाय अवलम्बन गर्न सकिने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : सिमा विवाद, छिमेकी ... ३ पृष्ठमा : नेकपा बैठकमा भारतले ... ३ पृष्ठमा : बिहारमा चट्याङ् लागेर ...

# चट्याङबाट ज्यान गुमाएका परिवारलाई प्रदेश सरकारद्वारा एक/एक लाख



**दैनिक समाचारदाता**
**राजविराज, १२ असार ।**

प्रदेश नं २ सरकारले सप्तरीमा चटचाङ लागेर ज्यान गुमाएका मृतक परिवारलाई राहत स्वरुप एक/एक लाख प्रदान गरेको छ ।

प्रदेश नं २ का भूमि, व्यवस्था कृषि तथा सहकारीमन्त्री शैलेन्द्रप्रसाद साहले बिहीबार चट्याङ लागेर मृत्यु भएका मृतक परिवारलाई सो रकम प्रदान गरेका हुन् ।

बिहीबारै मन्त्री साहले सो रकम दिने घोषणा गरेका थिए । उनी मृतक परिवारको घरमै गएर रकम प्रदान गर्नुका साथै चटयाङ लागेर मृत्यु भएकाप्रति श्रद्धाञ्जलि व्यक्त गरे । उनले चट्याङ लागेर घाइते भएकाहरुको शीघ्र स्वास्थ्य लाभको कामनासमेत गरे ।

बिहीबार बिहान अविरल वर्षासँगै परेको चटचाङ लागेर महदेवा गाउँपालिकाका ६० वर्षीय छेदी ठाकुर, २७ वर्षीय बेचन यादव, डाक्नेश्वरी नगरपालिका-९ की ३० वर्षीया ललितादेवी यादव, र राजगढ गाउँपालिका ३ का ४५ वर्षीय केसीलाल साहको ज्यान गएको थियो ।

जसमध्ये तीन जनाको घटनास्थलमै मृत्यु भएको थियो भने साहको गजेन्द्र नारायण सिंह अस्पतालमा उपचारका क्रममा मृत्यु भएको थियो । त्यस्तै जिल्लाको हनुमाननगर कंकालिनी नगरपालिका १ निवासी ५५ वर्षिया रुना सदा र राजगढ गाउँपालिका २ बेल्ही चपेनाकी १८ वर्षीया आशा मण्डल चट्याङ् लागेर घाइते भएकी थिइन् ।

# प्रदेश २ मा संक्रमित संख्या ३ हजार २ सय ९०

**दैनिक समाचारदाता**
**राजविराज, १२ असार ।**

प्रदेश २ मा पछिल्लो २४ घण्टामा तीन महिलासहित ७४ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । योसँगै प्रदेश २ मा कोरोना संक्रमितको संख्या ३ हजार २ सय ९० पुगेको छ ।

यता प्रदेश नं. २ मा शुक्रबार सबभन्दा बढी रौतहटमा ४० जना कोरोना संक्रमित थपिएका छन् ।

***बाँकी तीन पृष्ठमा***

**दुई पाङ्ग्रे सवारी साधनको अगाडी/पछाडी स-साना बालबालिका राखी सवारी साधन चलाउँदा अनिवार्यरुपमा बालबालिकालाई सुरक्षित बेल्टले बाँधी आवश्यकताअनुसार हेल्मेटसमेत लगाईदिने गरौं ।**

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

**NOVEL CORONA VIRUS (nCOV)**
सर्वसाधारणका लागि जनचेतनामूलक संदेश

**नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू**

जवरो (१००.४°F भन्दा माथि)
श्वास प्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

**नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?**

नियमित रूपमा साबुन-पानीले हात धुने ।
खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# मृतक सदाको परिवारलाई पाँच लाख सहयोग

**दैनिक समाचारदाता**
**धनुषा, १२ असार ।**

प्रदेश २ सरकारले जनकपुरस्थित प्रादेशिक अस्पतालको आइसोलेशनमा मृत्यु भएका धनुषा हंसपुर नगरपालिकाका राजु सदाको परिवारलाई पाँच लाख सहयोग गर्ने भएको छ ।

आन्तरिक मामिला तथा कानूनमन्त्री ज्ञानेन्द्र यादवले सदाको परिवारलाई अन्तरिम राहतस्वरुप पाँच लाख सहयोग गर्ने जानकारी दिएका छन् । यता घटनाको छानबिन गर्न गठित समितिले काम शुरु गरिसकेको र छानबिनमा दोषी देखिनेलाई कारवाही गरिने उनले बताए । गत जेठ ३ गते भारतको अहमदावादबाट आउनुभएका सदा गाउँकै क्वारेन्टिनमा रहनुभएको थियो । १७ दिनसम्म क्वारेन्टिनमै बसेपछि उनलाई झाडापखाला भएपछि टिप्परमा बसाएर प्रादेशिक अस्पतालको ढोकासम्म ल्याइएको थियो । त्यही उनको स्वाब सङ्कलन गरिएको र समयमै रिपोर्ट नआएका कारण झाडापाखालाको समेत राम्रो उपचार नपाइ सोमबार मृत्यु भएको थियो ।

प्रादेशिक अस्पताल जनकपुरधामको आइसोलेशन कक्षमै उपचार नपाएर सदाको मृत्यु भएपछि प्रदेश सरकारले छानबिन समिति गठन गरेको छ । समितिले सात दिनको म्याद पाएको छ ।

समितिको संयोजकमा स्वास्थ्य निर्देशनालयका निर्देशक हरिश्चन्द्र साह र सदस्यमा प्रदेश २ का अस्पताल विकास तथा चिकित्सा सेवाका डा. नवल किशोर झा र मन्त्रालयका महाशाखा प्रमुख दिलीपकुमार प्रधान रहेका छन् ।

**देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।**

हाम्रो सेवाहरु →

**जनज्योति कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

ipay remit | WESTERN UNION MONEY TRANSFER | Best Remit | Prabhu Money Transfer | City Express | IME | IME pay | himal remit | CG Money | MoneyGram money transfer

## सम्पादकीय ....

# सप्तरीका सडकहरुको दुरगतिबारे कसले बोल्ने !

सप्तरीका सडकहरुको अवस्था अहिले वर्षाको मौसमले छर्लङ पारिरहेको छ । वर्षेणी स्थानिय तहहरुले बाटो निर्माण, मर्मत सम्भार र नयाँ बाटो निर्माण लगायतमा करोडौं रकम बिनियोजन गर्दै आएको छ । ती निर्माणका कार्यहरु उपभोक्ता तथा ठेकेदार मार्फत गर्ने गरिएको छ । र यसको अनुगमन र मुल्याङ्कन भने स्थानिय तहले आफै गर्ने गरेको छ । तर, यसको बास्तविकता केही बेर हुने वर्षाले छर्लङ पार्छ । कस्तो प्रकारले बाटो निर्माण हुने गरेको छ । जुन केही क्षणको वर्षामै बाटो हिड्ने लायक हुँदैन् । के बजेट यस्तै विकासको नाममा बिनियोजन गरिन्छ त ! यो अहिले जनताले उठाउने बिषय हो ।

स्थानिय निकायहरुले बार्षिक बजेट बनाउँदा सबैभन्दा बढी बजेट विकासीय शिर्षकमै राख्ने गरेको पाइन्छ । त्यसमा पनि दर्जनौं सडकहरुमा माटो तथा ग्राभेल, मर्मत शिर्षकमा बजेट बिनियोजन गरेको देखिन्छ । यस्ता बजेट भनेको नेताहरुको कार्यकर्ता पाल्ने र कमिशन पनि राम्रो आउने खालको हुन्छ । यस्ता कामले जनतालाई कुनै लाभ हुँदैन् । पानी पर्ने बित्तिकै सडक पहिलेको अवस्था भन्दा झनै कामै नलाग्ने अवस्थामा पुग्छ ।

स्थानिय स्तरको विकासका लागि नेताहरुमा इमान्दारिता आवश्यक छ । तसर्थ यसका लागि जनस्तरबाटै बजेटको दुरुपयोग हुनबाट रोक्न दबाबका साथै निगरानी पनि उत्तिकै आवश्यकता रहेको कुरामा सबैले मनन् गर्नुपर्ने हुन्छ ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं ।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# सिमा विवाद, छिमेकी र वार्ता



**अमरनाथ मण्डल**

नेपाल लगायत भारत, चीन जस्ता शक्तिशाली देशहरुमा अहिले छिमेकी देशहरुबाट सिमा विवादको सवालहरु बढेर गएका छन् । यही सन्दर्भमा नेपालको भु-भागहरु भारतले मिचेका कुराहरु व्यापक रुपमा उठिरहेको बेला सरकारको तर्फबाट कालापानीमा भारतीय पक्षबाट जग्गा अतिक्रमणको सन्दर्भ लिएर सरकारले निशान छाप सहितको नेपालको नक्सा भर्खरै प्रतिनिधि सभा र राष्ट्रिय सभा पारित गरी नयाँ नक्साको सन्दर्भ लिएर भारतले नेपालको भुमिलाई अतिक्रमण गरेको नेपाल सरकारले भारतीय पक्षहरुबाट वार्ताका प्रक्रियाहरु बढाएको जस्ता सवालहरु उठिरहेका छन् ।

भारतीय पक्षहरुले केही दिन पूर्व भारतको नक्सा सार्वजनिक गर्दा कालापानीका भू-भाग लगायत नेपालका केही जग्गाहरु समेतलाई आफ्नो नक्सामा समाहित गरेको सन्दर्भमा पनि नेपाल र भारतको सम्बन्धहरुमा चिसोपनको अनुभुति हुन थालिएका अवस्थाहरु सिर्जना भएका छन् । तर भारतले नेपालका जग्गा नमिचेको तथा नेपालको कुनै भाग अतिक्रमण नगरेको जस्ता सवालहरु भारतीय सञ्चार माध्यमहरुमा समय-समयमा प्रकाशन भईरहेको छ । त्यस्तै नेपाल र भारतको सिमा विवाद कालापानी लगायत अन्य क्षेत्रहरुमा दुवै देशको आपसी समझदारी र वार्ताको माध्यमबाट विवादहरुलाई समाधानको उपाय खोज्नुपर्ने अहिलेको अवस्था देखिन्छ । तर जुँगाको लडाईलाई सार्थक गर्दै दुवै देश आफ्नो अडानमा रहेको कारणले गर्दा वार्ताका प्रक्रियाहरु अगाडी बढिरहेका छैन ।

नेपाल सरकारले वार्ताका प्रक्रियाहरु अगाडी बढाईरहेको सन्दर्भलाई सञ्चारमाध्यमहरुबाट सार्वजनिक गरेका छन् भने भारतीय पक्षले वार्तातिर बढी ध्यान केन्द्रित नगरी सरकारले दोष लगाइ रहेका छन् । उता भारतीय पक्षले वर्षौं देखि नेपाल भारतको सन्दर्भ रहेको जस्ता सवालहरुमा केही पक्षहरुले खास गरी नेपाल चीनमुखी बढी भएको दोष लगाई रहेका छन् । चीनको उस्काहाटमा नेपालले भारत र चीनको सिमाविवाद चर्केपछि चीनले नेपाललाई उस्काएको भारतीय पक्षले आरोप लगाईरहेको अवस्थामा नेपाल एउटा स्वतन्त्र भौगोलिक दृष्टिकोणले सार्वभौमिकता बोकेका राष्ट्र रहेकोले भारत र चीन असल छिमेकी मित्र रहेकोले नेपाल कुनै राष्ट्रसँग कुनै प्रकारका कुनै एक पक्षीय सम्बन्ध नराखेको आफ्नो धारणाहरु नेपाल सरकारले राख्दै आएका छन् । वास्तवमा नेपाल र भारतको सम्बन्ध वर्षौं देखि पुस्तौपुस्ता देखि रहेको अवस्थामा नेपाल र भारतको सम्बन्ध सामाजिक स्तरमा नङ्ग र मासु देखि लिएर वैवाहिक सम्बन्ध तथा खुल्ला सिमानाको कारणले गर्दा वर्षौं देखि एक अर्काको हरेक आहार व्यहारमा पूर्ण रुपमा साझेदारी रहँदै आएको छ । विकासीय दृष्टिकोणले पनि भारतीय पक्षबाट समय समयमा नेपाल पक्षलाई आर्थिक तथा विकासको परिधिहरुलाई सार्थक तुल्याई रहेको देखिन्छ ।

भारतीय पक्षले नेपालको भु-भागहरुलाई अतिक्रमण नगरी स्हार्दपूर्ण वातावरण सिर्जना गरी नेपाल र भारतको मित्रतालाई सबल तुल्याउनुपर्ने तथा अन्य मुलुकहरु नेपाल र भारतको पौराणिक सम्बन्धलाई खल्बलाउने षड्यन्त्रको पर्दाफास गर्नुपर्ने अवस्थाको सिर्जना गर्नुपर्दछ । भारतको स्वतन्त्रता संग्रामको आन्दोलनमा नेपालले खेलेका भुमिहरु आफ्नै ठाउँमा रहेका छन् भने भारतले नेपालका प्रजातान्त्रिक आन्दोलनमा भारतलाई सघाएका कुराहरु इतिहासहरुको पानामा अवस्थित रहेको छ । त्यसैकारण नेपाल र भारतको सम्बन्ध अक्षुण रहेको यस्ता सम्बन्धलाई वार्ता माध्यमबाट अझै बलियो बनाउनुपर्ने तथा सिमा विवादहरुलाई वार्ताको माध्यम बनाई समाधानको निकास खोज्नुपर्ने अवस्था देखिन्छ ।

भारत र चीनको सिमा विवाद अहिले युद्धको स्थितिमा परिणत हुँदै गएको सन्दर्भ लिएर नेपालले स्वतन्त्र र निष्पक्ष भई दुवै छिमेकी मुलुकहरुसँग आपसी सम्बन्धलाई बलियो बनाई अगाडी हिड्नुपर्ने अहिलेको अवस्था देखिन्छ । भारतको अनेकौ प्रकारका शंका र उपशंकाहरुलाई भारतीय मानसिकतामा नेपाल प्रतिको नकारात्मक भावनालाई सकारात्मकमा परिणत गर्ने भारतीय पक्ष र नेपाल पक्षले गहन रुपमा चिन्तन गरी उच्च स्तरीय दुवै देशका सरकार प्रतिनिधिहरुसँग प्रत्येक्ष सम्बन्धमा रही पारिएका भ्रमहरुलाई निराकरणको बाटो खोज्नुपर्ने अवस्था छ । भारतले नेपालको सम्बन्ध चीनसँग अहिलेको बढी देखिएको चासोहरुलाई समाधानको उपाय नेपाल सरकारले वार्ता माध्यमबाट भारतसमक्ष नेपालको धारणा स्पष्ट रुपमा राख्नुपर्ने अवस्थाको सिर्जना गर्नुपर्छ ।

नेपाल र भारतको सम्बन्ध राणा काल देखि लिएर प्रजातन्त्र गणतन्त्रसम्मका परिवेशहरुको अवस्थामा रहेकोले राजनैतिकको चलखेलबाट कुनै पनि देशका कुनै पनि सरकारले नेपाल र भारतको वर्षाको सम्बन्धलाइए खल्बलाउनु दुवै देशको हितमा नहुने देखिएको अवस्थामा राज्य व्यवस्था समितिमा अंगीकृत नागरिकताका सवालहरु पास भएपछि भारतका चेलीहरुले नेपाली पुरुषसँग विहे गर्दा खेरी ७ वर्षसम्म नेपाली नागरिकता नपाउने जस्ता सवालहरु नेपाल र भारतको सम्बन्धलाई खलबलाउनु प्रयास गरिरहेको छ । भारतसँगको नेपालका तराईमा बसोबास गरिरहेका मधेशी समुदायहरुको वैवाहिक पम्परा वर्षौं देखि हुने गरेको अवस्थामा भर्खरै पास भएका वैवाहिक अंगीकृत नागरिकताले नेपाल र भारतको वैवाहिक सम्बन्धलाई खलबलाउने प्रयास गरेको छ । साथै मधेशका अधिकांश जातजातिहरुको जातिगत आधार भारततिर रहेकोले भारत र नेपालको विवाह परम्परालाई खलबलाउने प्रयास गरेको बुद्धिजिवीहरुको नेपालका आदिबासी मधेशी समुदायहरुलाई सधैं राज्य पक्षबाट विभेदमा पारी विभेदीकरणको नितिको आधारमा मधेशीलाई अधिकारहरुबाट बञ्चित गरी वर्षौं देखि नेपालको राज्य शासनमा तथा राज्यको प्रमुख अंगहरुमा नितिगत रुपमा संचालनमा बाधक बनेका शासक वर्गहरु मधेशी समुदायहरुको सधैं भारतीय भनेर हेप्ने प्रवृतिको विकासले गर्दा नेपालमा राष्ट्रवाद माथि ठूलो प्रश्न चिन्ह खडा भएका छन् । मधेशी समुदायहरुले सधैं नेपाल र भारतको सम्बन्धलाई बलियो बनाउन आफ्ना समाजिक तथा साँस्कृतिक पहिचानहरुसँगै नेपाल र भारतको सिमानाहरुमा मधेशीहरुले सिमानाको रक्षा गरिरहेका छन् ।

नेपाल र भारतको सम्बन्धलाई अझै बलियो बनाउन अहिलेको परिस्थितिमा भारत र चीनको विवादबाट नेपाललाई टाढा रहनु तथा सिमा विवादहरु वार्ताको माध्यमबाट समाधानको उपाय खोज्नुपर्ने अवस्थामा राष्ट्रवादलाई गलत परिभाषा गरी र भारत विरोधी मानसिकताको उपजलाई विस्तार गर्नु नेपालको हितमा नहुनु देखिन्छ । तसर्थ भारतले पनि नेपाल पक्षको जग्गाहरुलाई अतिक्रमण नगरी अतिक्रमण गरेका जग्गाहरु वार्ताको माध्यमबाट सहज र सरल तरिकाबाट निकासको समाधान खोज्नुपर्ने अवस्था देखिन्छ । नेपाललाई चीन प्रतिको झुकाव रहेको जस्ता गलत भावनाहरुलाई भारतीय पक्षले पनि नराख्न तथा नेपाललाई सानो भाई सम्झेर नेपाल र भारतको सम्बन्धलाई अझै बलियो बनाउनुपर्ने यसको प्रमुख उपाय इमान्दातारितापुर्वक वार्ताको माध्यमबाट समाधान खोज्नु हो ।

# ‘राष्ट्रिय भिटामिन ए’ कार्यक्रम यही असार २२ र २३ गते

काठमाडौँ, १२ असार (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोभिड-१९ को कारणले स्थगित ‘राष्ट्रिय भिटामिन ए’ कार्यक्रम पुनः सञ्चालन गर्ने भएको छ ।

यही असार २२ र २३ गते सो कार्यक्रम पुनः सञ्चालन हुने स्वास्थ्य सेवा विभाग, पोषण शाखा प्रमुख केदार पराजुलीले जानकारी दिनुभयो । कोभिड १९ को कारणले बन्दाबन्दीले गत वैशाख ६ र ७ गते तय गरिएको सो कार्यक्रम मन्त्रालयले गत चैत २१ गते स्थगन गरेको थियो ।

‘राष्ट्रिय भिटामिन ए’ कार्यक्रमसँगै जुकाको औषधि र बालभिटा पनि खुवाउने गरिन्छ । सरकारले प्रत्येक वर्ष पहिलो चरण कात्तिक २ र ३ गते तथा दोस्रो चरण वैशाख ६ र ७ गते गरी दुई पटक सो कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । छ महिनादेखि ५९ महिनासम्मका बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि २०५३ सालबाट भिटामिट ए खुवाउँदै आइरहेको छ ।

प्रत्येक वर्ष भिटामिन ए खुवाउने कार्यक्रममा २७ लाख तीन हजार ५२२ बालबालिका सहभागी हुने गर्दछन् । सोही कार्यक्रममा बालबालिकालाई जुकाको औषधि र बालभिटासमेत दिइने खुवाउने गरिएको जनस्वास्थ्य निरीक्षक कल्पना पाण्डेले जानकारी दिनुभयो ।

जुकाको औषधि एक वर्षदेखि पाँच वर्षमुनिका २३ लाख ९३ हजार १५२ बालबालिकालाई खुवाउने गरिन्छ । जुकाको औषधि २०५८ सालदेखि प्रत्येक वर्ष दुई पटक बालबालिकालाई खुवाउने गरिन्छ ।

यस्तै १५ बहुसूक्ष्म पोषण तत्वले बनेको बालभिटा छ महिनादेखि २३ महिनाका बालबालिकालाई खुवाउने गरिन्छ । बालभिटा २०६६ सालदेखि बालबालिकालाई खुवाउन थालिएको हो । अहिले ४१ जिल्लाका बालबालिकालाई खुवाउने गरिन्छ । ‘राष्ट्रिय भिटामिन ए’ कार्यक्रममा देशभरिका ५२ हजार स्वास्थ्य स्वयंसेविकामार्फत बालबालिकालाई खुवाउने गर्दछन् ।

# नेकपा बैठकमा भारतले वार्ताका लागि तत्परता नदेखाएको जानकारी

काठमाडौँ, १२ असार (रासस) ।

सत्तारूढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को स्थायी कमिटीको शुक्रबारको बैठकमा छिमेकी भारतद्वारा अतिक्रमित नेपाली भू-भाग कालापानी, लिपुलेक र लिम्पियाधुराको भूमि फिर्ता गर्न सरकारले पहल गरे पनि भारतले वार्ताको सकारात्मक तत्परता नदेखाइरहेको जानकारी दिइएको छ ।

यही असार १० गतेदेखि शुरु भएको नेकपा स्थायी कमिटीको बैठकको शुक्रबार दोस्रो दिन परराष्ट्रमन्त्रीसमेत रहनुभएका स्थायी कमिटी सदस्य प्रदीप ज्ञवालीले कूटनीतिक पहलद्वारा नै समस्याको समाधान गरिने उल्लेख गर्दै चीनद्वारा नेपाली भूमि अतिक्रमण भएको भन्ने झूठो, नियोजित र भ्रामक प्रचारमा कुनै सत्यता नभएको र चीनसँग सीमाका सम्बन्धमा कुनै समस्या नरहेको पनि स्पष्ट गर्नुभयो ।

बैठकमा शुक्रबार १८ स्थायी कमिटीका सदस्यले आफ्नो धारणा राख्नुभएको थियो । उहाँहरुले नेपालको सीमा समस्या र समाधानका बारेमा आ-आफ्नो धारणा राख्नुभएको थियो । शुक्रबारको बैठकमा लीलामणि पोखरेल, मातृका यादव, देव गुरूङ, गोकर्ण विष्ट, शङ्कर पोखरेल, पम्फा भुसाल, छविलाल विश्वकर्मा, बेदुराम भुसाल, रघुवीर महासेठ, अमृतकुमार बोहरा, भीम रावल, अष्टलक्ष्मी शाक्य, भीम आचार्य, केशव बडाल, गणेश साह, मुकुन्द न्यौपाने र नारायणकाजी श्रेष्ठले विचार राख्नुभएको नेकपाका केन्द्रीय प्रचार तथा प्रकाशन विभागका उपप्रमुख सूर्य थापाले जानकारी दिनुभयो ।

प्रधानमन्त्री निवास बालुवाटारमा जारी बैठकमा पहिलो दिन वर्तमान परिस्थिति र बैठकका सम्बन्धमा अध्यक्षद्वय केपी शर्मा ओली र पुष्पकमल दाहाल ‘प्रचण्ड’ले मन्तव्य व्यक्त गर्नुभएको थियो ।

बैठकमा कोभिड-१९ को नियन्त्रण, रोकथाम र उपचार, नेपालको सीमा समस्या र समाधान, सरकारको कामको समग्र समीक्षा, पार्टी कामको समीक्षा र साङ्गठनिक एकताका बाँकी काम सम्पन्न गर्ने, अमेरिकी सहायता मिलेनियम च्यालेन्ज कर्पोरेशन (एमसीसी) र विविध कार्यसूची छ । कार्यसूचीको विविधमा रुकुमपश्चिममा गत जेठ १० मा भएको मानवताविरोधी घटना, नागरिकतासम्बन्धी विधेयक, संघीय सांसदहरूको भत्ताका विषय राखिएको छ ।

बैठकमा महासचिव विष्णुप्रसाद पौडेलले पार्टी अध्यक्ष तथा प्रधानमन्त्री केपी शर्मा ओली कार्यव्यस्तताका कारण शुक्रबारको बैठकमा आफू उपस्थित नहुने र बैठक सुचारुरूपमा सञ्चालन गर्न भन्नुभएको जानकारी गराउनुभएको थियो । शुक्रबारको बैठक अर्का अध्यक्ष पुष्पकमल दाहाल ‘प्रचण्ड’ को अध्यक्षतमा भएको थियो । स्थायी कमिटीको अर्को बैठक शनिबार बिहान ११:०० बजे बस्नेछ ।

# नेपालको जनसंख्या तीन करोड नाघ्यो जन्मदर र मृत्युदर दुबै घट्दो क्रममा

**दैनिक समाचारदाता**
**काठमाडौं, १२ असार ।**

नेपालको जनसंख्या ३ करोड पुगेको छ। बोलीचालीका क्रममा नेपालको जनसंख्या तीन करोड भन्न थालेको केही वर्ष भइसकेको छ ।

तर शुक्रबार केन्द्रिय तथ्यांक विभागको वेबसाइटमा राखिएको क्याल्कुलेटरले शुक्रबार नेपालको जनसंख्या ३ करोड ६३४ देखाएको हो। सन् २०११ को जनगणनामा नेपालको जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५ सय ४ थियो।

अब भने जनसंख्याको घडी अनुसार पनि नेपालको जनसंख्या तीन करोड नाघेको छ। केन्द्रीय तथ्यांक विभागको जनसंख्या घडीमा शुक्रबार मध्यान्ह नेपालको जनसंख्या ३ करोड ६३४ जना देखाइएको छ ।

विभागका महानिर्देशक नेविनलाल श्रेष्ठका अनुसार यो वैज्ञानिक आधारमा प्रक्षेपण गरिएको जनसंख्या हो । यो घडी २०६८ को जनगणनाको आधारमा सेट गरिएको हो । घडीले जन्मदर, मृत्युदर र बसाईसराई दरको आधारमा जनसंख्या देखाउँछ । २०६८ सालको जनगणना अनुसार नेपालको जनसंख्या २ करोड ६४ लाख ५४ हजार ५०४ थियो । १२ औं राष्ट्रिय जनगणना २०७८ असारमा हुँदैछ ।

दैनिक जनसंख्या वृद्धि एक हजारदेखि एक हजार एक सय रहेको विभागले जानकारी दिएको छ । जनसंख्या वृद्धिदर घट्दो क्रममा रहेको विभागका निर्देशक ढुण्डीराज लामिछाने बताउनुहुन्छ । लामिछानेका अनुसार जन्मदर र मृत्युदर दुबै घट्दो क्रममा छ । बसाइसराइ अनुपातमा भने खासै फरक नआएको उनले जानकारी दिनुभयो । एबिसि न्युजबाट

### *प्रदेश २ मा ...*

सामाजिक विकास मन्त्रालयका प्रदेश सचिव डा. रामप्रसाद घिमिरेका अनुसार धनुषामा १५ जना, महोत्तरीमा २ जना, सिरहामा ६ जना, सप्तरीमा ८ जना, सर्लाहीमा २ जना र बारामा १ जनामा समेत कोरोना संक्रमित थपिएका छन् ।

पछिल्लो २४ घण्टामै १ सय २४ जना कोरोनालाई जितेर अस्पतालबाट डिस्चार्ज समेत भएका छन् । प्रदेशमा हालसम्म १ हजार ३ सय ९१ जना डिस्चार्ज भइसकेका छन् । यसबाहेक १ हजार ८ सय ९९ कोरोना संक्रमित उपचाररत रहेको मन्त्रालयले जनाएको छ ।

उपचारका क्रममा २ संक्रमतिको मृत्यू समेत भइसकेको छ । मन्त्रालयले प्रदेश २ मा हालसम्म ४१ हजार ५ सय २४ जनाको स्याब संकलन गरी कोरोना परीक्षणका लागि पठाइएको जनाएको छ । जसमध्ये ५ हजार ४ सय ३८ जनाको परीक्षण रिपोर्ट आउन बाँकी रहेको छ ।

यता सप्तरीमा कोरोना संक्रमितको संख्या २ सय ८ यथावतै रहेको छ भने निको हुने संख्या पनि ९६ रहेको छ । शुक्रबार साँझसम्म जिल्लामा कोरोना परिक्षणको नयाँ रिपोर्ट नआएको स्वास्थ्य कार्यालयका प्रमुख दनियालाल यादवले जानकारी दिएका छन् ।

यस्तै शुक्रबार साँझसम्म नेपालमा कोरोना संक्रमितको संख्या ११ हजार ७ सय ५५ पुगेको छ भने डिस्चार्ज हुनेको संख्या २ हजार ६ सय ९८ पुगेको र मृत्यु हुनेको संख्या २७ पुगेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ ।




## विश्व समाचार

### बिहारमा चट्याङ् लागेर मृत्यु हुनेको संख्या ९२ पुग्यो

पटना, बिहार, १२ असार (रासस-एएनआई) ।

भारतको बिहारमा बिहीबार राति परेको चट्याङ लागेर ९२ जनाको मृत्यु भएको समाचारमा जनाइएको छ । बिहीबाररातिको सो चट्याङका कारण गएको २४ घन्टायता मात्र कम्तीमा पनि ९२ जनाको ज्यान गएको अधिकरीहरुले जानकारी दिएहा छन् । बिहीबर मात्र यसबाट ८३ जनाको ज्यान गएको बताइएको थियो । शुक्रबार बिहानसम्म यो संख्या ९२ पुगेको बिहारको विपद व्यवस्थापन केन्द्रले जानकारी दिएको हो । भारतीय सञ्चार मध्यमहरुका अनुसार बिहार राज्यका २१ जिल्लामा बिहीबार साँझदेखि रातिसम्म चट्याङ परेको थियो । सबैभन्दा धेरै बिहारको गोपालगञ्ज जिल्लामा १३ जनाको मृत्यु भएको छ ।

यस्तै नवादा र पश्चिमी चम्पारण जिल्लामा आठ, आठ जनाको मृत्यु भएको भारतीय सञ्चार माध्यमहरुले जनाएका छन् । बिहीबार बिहारलगायत भारतका उत्तरी राज्यहरुमा ७२ घण्टाका लागि मौसमी चेतावनी जारी गरिएको थियो । भीषण वर्षा र हावाहुरी चल्ने सूचना यहाँको मौसम विभागले जारी गरेको थियो । मौसम खराब रहेकोले बाहिर ननिस्कन र सम्भावित चट्याङबाट बच्ने उपायहरु अपनाउन पनि राज्यका सबै सर्वसाधारण नागरिकहरुमा सूचना जारी गरिएको बताइएको थियो । बिहारमा समय समयमा पर्ने गरेको चट्याङ्बाट ठूलो संख्याका नागरिकको ज्यान जाने गरेको पाइएको छ । बिहारका मुख्यमन्त्री नितिश कुमारले चट्याङ लागेर ज्यान गएका व्यक्तिका परिवारका सादस्यलाई प्रति परिवार ४ लाख भारतीय रुपैयाँका दरले क्षतिपूर्ति दिने घोषणा पनि गर्नुभएको छ ।

### कोरोना भाइरसबाट विश्वमा ४ लाख ९१ हजार भन्दा बढीको मृत्यु

जेनेभा स्वीट्जरल्याण्ड, १२ असार (रासस/एएफपी) ।

कोरोना भाइरस (कोभिड १९) बाट विश्वभर मृत्यु हुने व्यक्तिको संख्या ४ लाख ९१ हजार ९०१ पुगेको छ । साथै यस संक्रमणबाट विश्वभर ९७ लाख १७ हजार ५३ जना संक्रमित भएका विश्व स्वास्थ्य संगठन (डब्लुएचओ) द्धारा आफ्नो दैनिक प्रेस विज्ञप्तिमा जानकारी दिइएको छ । नेपाली समयानुसार शुक्रबार मध्याह्नसम्म प्राप्त समाचारअनुसार कोरोना भाइरसका कारण बिरामी भएका ५२ लाख ५३ हजार ६२५ जना निको भएका छन्। हाल विश्वभरमा कोरोना भाइरस संक्रमित करिब ३९ लाख ७३ हजार ५२७ व्यक्ति उपचाररत रहेका छन् । संक्रमितहरुमा ५७ हजार ३९१ जनाको अवस्था गम्भीर रहेको जनाइएको छ । चीनको हुबे प्रान्तको वुहान शहरबाट गत वर्षको डिसेम्बरको अन्त्यबाट शुरु भएको कोरोना भाइरस संक्रमणको कारण अमेरिका सबैभन्दा बढी प्रभावित भएको छ । डब्लुएचओकाअनुसार संयुक्त राज्य अमेरिकामा मात्र २५ लाख ४ हजार ६७६ जनामा कोरोना भाइरसका संक्रमित रहेका छन् । यस प्रकोपका कारण अमेरिकामा १ लाख २६ हजार ७८५ व्यक्तिको मृत्यु भइसकेको बताइएको छ ।

दक्षिण अमेरिकामा १९ लाख ८६ हजार २०१ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ ७७ हजार ८८८ जनाको मृत्यु भएको छ । उत्तर अमेरिकामा २९ लाख १९ हजार ७२५ जना कोरोना भाइरस संक्रमति रहेका छन् । यहाँ १ लाख ६३ हजार १६४ जनाको मृत्यु भएको छ । युरोपमा २३ लाख ७३ हजार २०३ जना कोरोना भाइरस संक्रमित रहेका छन् भने १ लाख ८९ हजार ५०३ को मृत्यु भएको छ । एसियामा २० लाख ७७ हजार ११९ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने, ५२ हजार ९१ जनाको मृत्यु भएको छ । अफ्रिकामा ३ लाख ५० हजार ८६० जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने ९ हजार १०४ जनाको मृत्यु भएको छ । ओसियानामा ९ हजार २२४ जनामा कोरोना भाइरस संक्रमण रहेको छ भने १२६ जनाको मृत्यु भएको छ ।

### भारतमा एकैदिनमा अहिलेसम्मकै धेरै १७ हजार सङ्क्रमित

नयाँदिल्ली, १२ असार (रासस/पिटिआई) ।

भारतमा कोरोनाभाइरसबाट सङ्क्रमितहरुको दैनिक संख्या दिनप्रतिदिन बढ्दै गइरहेको छ । शुक्रबार सार्वजनिक भएको तथ्यांकले पनि एकैदिनमा अहिलेसम्मकै सवैभन्दा धेरै सङ्क्रमित भएको देखाएको छ । अधिकारीहरुले दिएको जानकारीअनुसार पछिल्लो २४ घण्टामा भारतमा कोरोनाभाइरसबाट १७ हजार २९६ जना सङ्क्रमित भएका छन् । योसँगै भारतमा कोरोनाबाट कुल सङ्क्रमितको संख्या चार लाख ९० हजार ४०१ पुगेको केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयले जनाएको छ । त्यसैगरी कोरोनाकै कारण भारतमा अहिलेसम्म १५ हजार ३०१ जनाको मृत्यु भएको छ । ती मध्ये ४०७ जनाको पछिल्लो २४ घण्टामा मृत्यु भएको हो । मन्त्रालयले स्थानीय समयानुसार शुक्रबार विहान ८ बजेसम्मको तथ्यांक सार्वजनिक गरेको हो ।

उनीहरुले भारतमा अहिले पनि एक लाख ८९ हजार ४६३ जना सङ्क्रमित अवस्थामै रहेको जानकारी दिएका छन् । त्यसैगरी अरु दुई लाख ८५ हजार ६३६ जना सङ्क्रमणमुक्त भएका छन् । यो तथ्यांकअनुसार कुल सङ्क्रमित मध्ये ५८.२४ प्रतिशत विरामी सङ्क्रमणमुक्त भएका छन् । यसलाई सरकारी अधिकारीहरुले सकारात्मक संकेतका रुपमा व्याख्या गरेका छन् । पछिल्लो २४ घण्टामा कोरोनाका कारण मृत्यु भएका मध्ये सवैभन्दा धेरै महाराष्ट्र प्रदेशका रहेका छन् । महाराष्ट्र प्रदेशमा मात्रै एक दिनमा १९२ जनाको मृत्यु कोरोनाकै कारण भएको छ । त्यसैगरी केन्द्रीय राजधानी समेत पर्ने दिल्ली प्रदेशमा ६४ जना, तमिलनाडुमा ४५ जना, गुजरातमा १८ जना, पश्चिम बंगाल र उत्तर प्रदेशमा १५/१५ जना, आन्द्र प्रदेशमा १२ जना, हरियाणामा १० जना, मध्य प्रदेशमा आठ जनाको पनि पछिल्लो २४ घण्टामा मृत्यु भएको छ । मन्त्रालयकाअनुसार पञ्जाबमा सात जना, कर्नाटकमा छ जना, तेलङ्गनामा पाँच जना, राजस्थानमा चार जना र जम्मु काश्मिरमा दुई जनाको कोरोनाका कारण मृत्यु भएको छ ।



राजविराज नगरपालिका वडा नं. १ पडरीया र वडा नं. १० बिरौल हुदै कंचनपुरसम्म जोड्न बन्दै गरेको हुलाकी राजमार्गको हिलाम्मे अवस्थामा । वर्षाको समयमा झण्डै २ सय मिटर यस सडक खण्डमा पैदल यात्री, साईकल, ठेला, सिटी रिक्सा, अटो रिक्सा तथा अन्य सवारीसाधनहरुको आवत जावतमा ठप्प रहेको छ । यसतर्फ सम्बन्धीत निकायको ध्यानाकर्षण होस् । *तस्बिर : राजविराज दैनिक*

# बन्दाबन्दीको समयमा १०९ बलात्कारका घटना

काठमाडौँ, १२ असार (रासस) ।

बन्दाबन्दीको समयमा मुलुकभर १०९ बलात्कारका घटना अभिलेखीकरण भएका छन् ।

बन्दाबन्दीको समयमा ७३० महिला तथा बालिकामाथि भएका विभिन्न प्रकारका हिंसाको घटना अभिलेखीकरण भएकामध्ये १०९ बलात्कारका घटना रहेका हुन् । बलात्कार जस्तो जघन्य अपराधमा संलग्न व्यक्तिहरूमध्ये सबैभन्दा बढी ४७ प्रतिशत ( ६४ जना) छिमेकी रहेका छन् ।

महिलापुनर्स्थापना केन्द्र ( ओरेक) ले बन्दाबन्दीको करिब तीन महिनाको अवधिमा गरेको अभिलेखीकरणअनुसार आठ सामूहिक बलात्कार र नौ वैवाहिक बलात्कारसम्बन्धी घटनासमेत रहेका छन् । यसैगरी १२ प्रतिशत (१७ जना) परिवारका सदस्य, नौ जना प्रेमी ठानिएको व्यक्ति, तीन घटना सेवाप्रदायक, तीन शिक्षक र ३१ जना अञ्जान व्यक्तिबाट बलात्कारका घट्ना भएको पाइएको ओरेकका वरिष्ठ कार्यक्रम संयोजक संजिता तिम्सिनाले जानकारी दिनुभयो ।

ओरेकले यही असार ५ गतेसम्म ५७ जिल्लाबाट ७३० जना महिला तथा बालिकामाथि भएका विभिन्न प्रकारका हिंसाको घटना अभिलेखीकरण गरेको जनाएको छ । जसमध्ये ४२४ घरेलु हिंसा, १०९ बलात्कार, ७४ सामाजिक हिंसा, ३१ आत्महत्या, २७ यौन दुर्व्यवहार, २५ बलात्कारको प्रयास, १६ हत्या, ११ साइबर अपराध, चार हत्या वा आत्महत्या पुष्टि हुन बाँकी, चार हत्याको प्रयास, तीन मानव बेचविखन, दुई आत्महत्याको प्रयाससँग सम्बन्धित घटनाहरू रहेका छन् ।

ओरेकद्वारा सञ्चालन गरिएको तीन वटा हटलाइन, मनोविमर्शकर्ता, महिला मानवाधिकार रक्षक, साझेदार महिला सामुदायिक सङ्घसंसस्थाबाट यी घटनाहरू अभिलेखीकरण गरिएको उहाँले बताउनुभयो । यीमध्ये ८७ घटना सञ्चारमाध्यमबाट सङ्कलन गरिएका हुन् । समाजमा महिलाप्रति रहेको असमान दृष्टिकोण र व्यवहारको कारण महिलाको शरीर जसले, जसरी र जुन बेला पनि प्रयोग गर्न सक्छ भन्ने गलत सोचका कारण हिंसाका घट्नामा कमी नआएको वरिष्ठ कार्यक्रम संयोजक तिम्सिनाको भनाइ छ ।

बलात्कार जस्तो निकृष्ट मानवाधिकार हनन्का घटनामा पनि पीडित परिवारले घटना दर्ता गर्न सङ्घर्ष गर्नुपर्ने स्थिति रहेको, प्रभावितलाई समाजमा हेर्ने दृष्टिकोण र गरिने व्यवहार पनि अमानवीय र निन्दनीय रहेको ओरेकले जनाएको छ । बन्दाबन्दीको यस अवधिमा संस्थासँग आवद्ध मनोविमर्शकर्ताले फोन र सामाजिक दूरी कायम गरी व्यक्तिगत भेटघाटका माध्यमबाट कोभिड-१९ को त्रासका कारण उत्पन्न मनोसामाजिक समस्याबाट प्रभावित ५६९ र ६३६ हिंसा प्रभावित/प्रभावितको परिवारका सदस्य गरी एक हजार २०५ जनालाई मनोसामाजिक परामर्श प्रदान गरिएको छ ।

बाल यौन दुर्व्यवहार जो कसैबाट जहाँ पनि हुन सक्छ । त्यसैले, सावधानी अपनाऔं, बालबालिकाका कुरा सुनौं, बाल यौन दुर्व्यवहार अन्त्य गर्न सक्रिय बनौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

## NOVEL CORONA VIRUS (nCOV)

**सर्वसाधारणका लागि जनचेतनामुलक संदेश**

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो
(१००.४°F भन्दा माथि)



श्वास प्रश्वासमा अत्याधिक समस्या



रुघा र खोकी


*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।



खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।



पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।



**अनुरोधकर्ता :** तिलाठी कोइलाडी गाउँ कार्यपालिकाको कार्यालय, सप्तरी

**नोवेल कोरोना भाइरस (COVID-19) सामान्य रुघाखोकी भन्दा जटिल सङ्क्रमण हो, हालसम्म यसको उपचारको लागि औषधी पत्ता नलागेकोले यसबाट सतर्क हुनु नै उत्तम उपाय हो ।**

**यसबाट बच्ने उत्तम उपायहरुः**

- कुनै व्यक्ति, वस्तु वा सामान छुनु पहिले र पछि साबुन पानीले राम्रोसँग हात धुने,
- अनावश्यकरुपमा घर बाहिर र भिडभाडमा नजाने,
- खोक्दा र हाछ्युँ गर्दा नाक र मुख कुहिनोले छोप्ने,
- कुनै पनि व्यक्तिसँग तीन फिटको दुरी कायम गर्ने,
- जंगली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा बस्ने,
- सकेसम्म पशुजन्य मासु नखाने,
- ज्वरो, रुघा र खोकी तथा स्वासप्रस्वासमा समस्या आएमा चिकित्सकसँग परामर्श लिने,
- कसैले गलत सूचना प्रवाह गरेको तथा अत्यावश्यकीय वस्तु जम्माखोरी, कालोबजारी तथा लुकाइराखेको थाहा भएमा ११३७ मा सम्पर्क गरी जानकारी गराउने,

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् । हाम्रो सेवाहरु
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Money Transfer Made Easy
Best Remit Quick & Easy
prabhu Money Transfer
प्रभुको इच्छा
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*